## बैठक संख्या (१३)

आज मिति २०८३/०२/३१ गते आइतबारका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितीः-**

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(वडा अध्यक्ष) श्री बलदेव सिह चाड

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन बहादूर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री एकराज आचार्य

**कार्यपालिका सहयोगी कर्मचारीः-**

श्री देवराज सापकोटा (लेखा अधिकृत)

श्री बिरेन्द्र सिंह साउद (रोजगार संयोजक)

**प्रस्तावहरु:**

१. १२ औं कार्यपालिका बैठकमा भएका निर्णयहरुको समिक्षा सम्बन्धमा।

२. वार्षिक नीति तथा कार्यक्रम सभामा पेश गर्ने सम्बन्धमा।

३. रकमान्तर गर्ने सम्बन्धमा।

४. प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धमा।

५. हलुका सवारी चालक सेवा करारमा पदपूर्ती सम्बन्धमा।

**निर्णयहरु**

१. **निर्णय नं.१:** प्रस्ताव नं.१ माथी छलफल गर्दा गाउँपालिकाको मिति २०८३।०२।०३ गतेको १२ औं कार्यपालिका बैठकमा भएका निर्णयहरुको उपलब्धी र कार्यन्वयनको अवस्थाको बारेमा छलफल गरियो।

२. **निर्णय नं.२:** प्रस्ताव नं.२ माथी छलफल गर्दा आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम स्विकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

३. **निर्णय नं.३:** प्रस्ताव नं.३ माथी छलफल गर्दा वर्तमान विश्व परिवेश अनुसार ईन्धनको लागतमा भएको मूल्य बृद्धिका कारणले गाउपालिकाले बिनियोजन गरेको ईन्धन परियोजनको रकम अपुग हुने भएकाले चालु खर्च तर्फको सेवा र परामर्श शिर्षकबाट रु.५,००,०००/- रकम ईन्धन कार्यालय प्रयोजन शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो।

४. **निर्णय नं.४:** प्रस्ताव नं.४ माथी छलफल गर्दा प्राविधिक कर्मचारीहरु आयोजनाहरुको प्राविधिक काम गर्न फिल्डमा कामकाज गर्नुपर्ने भएकाले गाउँपालिकाका प्राविधिक कर्मचारीहरुलाई आर्थिक वर्ष २०८२/०८३ मा २०८२ मंसिर महिना देखी २०८३ असार मसान्त सम्म लागु हुनेगरी स्थानिय भत्ता कटाएर तपसिल अनुसारको मासिक फिल्ड भत्ता दिने निर्णय गरियो।

**तपसिल**

१. ईन्जिनियर छैटौ- रु.२४,०००/-

२. सब-ईन्जिनियर सहायक पाचौँ- रु.२०,०००/-

३. अ.स.ई. सहायक चौथो वा सो सरह- रु.१८,०००/-

५. **निर्णय नं.५:** प्रस्ताव नं.५ माथी छलफल गर्दा शिवनाथ गाउँपालिकाको पदपूर्ती समितिले मिति २०८३/०२/२४ गते करार सेवामा हलुका सवारी साधन चालक पदमा धनबिर सिह धनाडीलाई गरेको सिफारिस बमोजिम करार सेवामा कामकाज गराउन स्वीकृति दिने निर्णय गरियो।

CamScanner